## फलफूल तथा नगदेबाली बिरुवा नर्सरी/स्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८३

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८३/०५/०९ )*

<u>प्रस्तावना</u>: नर्सरी व्यवस्थापनका उन्नत एवम् आधुनिक प्रविधिहरु अवलम्बन गरी फलफूल तथा नगदेबालीको गुणस्तरीय बिरुवा/बेर्ना उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

१. **<u>प्राविधिक पक्षः</u>**

(१) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्न कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेस गर्न सक्नेछन्।

(२) सिफारिस गरिएको बीउ/रुटस्टक/माउबोटको सायन प्रयोग गरी कृषि प्राविधिकको सिफारिस बमोजिम स्वस्थ बिरुवा/बेर्ना उत्पादन गर्नु पर्नेछ।

(३) सुन्तलाजात फलफूलको हकमा माउबोट, मुलवृत्त (रूटस्टक) र कलमी बिरूवा उत्पादनका लागि छुट्टा छुट्टै संरचना हुनुपर्नेछ।

(४) नर्सरी बिरुवाको गुणस्तर मापदण्ड गण्डकी प्रदेश फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा संञ्चालन) निर्देशिका, २०८० बमोजिम हुनेछ।

(५) संरक्षित संरचना बनाई नर्सरी स्थापना गर्ने भएमा न्यूनतम ३०० वर्ग मिटर र खुल्ला स्थानमा नर्सरी स्थापना गर्ने भएमा न्यूनतम ५०० वर्ग मिटर क्षेत्रफलमा हुनु पर्नेछ।

२. **<u>आर्थिक पक्षः</u>**

(१) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछः-

(क) ग्रिनहाउस, स्क्रिनहाउस, प्लाष्टिक टनेल, हार्डेनिङ च्याम्बर तथा सेड हाउस निर्माण,

(ख) माउबोट, बीउ, सायन, रुटस्टक बीउ/बेर्ना खरिद,

(ग) मेसिनरी औजार, उपकरण तथा अन्य सामग्रीहरू खरिद,

(घ) सिँचाइ व्यवस्थापन।

३. <u>प्रस्ताव मूल्याङ्कनका आधार:</u> आवेदकले पेस गरेको प्रस्ताव बमोजिम स्थलगत अनुगमन हुँदा प्राविधिक विषयहरु (प्रस्तावित बाली र जात, हावापानी र भौगोलिक उपयुक्तता आदि) का आधारमा उपयुक्त देखिएका प्रस्तावलाई मात्र देहाय बमोजिम मूल्याङ्कन गरिनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **पूर्वाधारको अवस्था** | **१०** |
| (क) | सडक, सिँचाइ र विद्युतको सुविधा भएको | १० |
| (ख) | सडक र सिँचाइको सुविधा भएको | ७ |
| **(२)** | **नर्सरी स्थापनाका लागि प्राविधिक उपयुक्तता (नर्सरी स्थापना गरिने स्थानको हावापानी, उचाई, मोहडा, सूर्यको प्रकाश आदिका आधारमा मूल्याङ्न गरी अङ्क प्रदान गर्ने)** | **२०** |
| **(३)** | **नर्सरी स्थापना/हुने क्षेत्रफल** | **२०** |
| (क) | संरक्षित संरचना आवश्यक पर्ने फलफूल तथा नगदे बालीः प्रस्तावित क्षेत्रफल र हाल रहेको नर्सरी संरचनाको क्षेत्रफल ३०० वर्ग मिटर क्षेत्रफलमा निर्माण हुने संरचनाको लागि १० अङ्क र ३०० वर्ग मिटर भन्दा बढी प्रति १०% क्षेत्रफलका लागि १ अङ्कका दरले अधिकतम २० अङ्कसम्म प्रदान गर्ने | २० |
| (ख) | संरक्षित संरचना आवश्यक नपर्ने बालीः प्रस्तावित क्षेत्रफल र हाल रहेको नर्सरीको क्षेत्रफल ५०० वर्ग मिटर हुने भएमा १० अङ्क र सो भन्दा बढी प्रति १०% क्षेत्रफलका लागि १ अङ्कका दरले अधिकतम २० अङ्कसम्म प्रदान गर्ने | २० |
| **(४)** | **आवेदकको अनुभव तथा क्षमता** | **१०** |
| (क) | नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरी नर्सरी व्यवसाय सञ्चालन गरेको | १० |
| (ख) | नर्सरी व्यवसाय गरी अनुभव प्राप्त वा नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्राप्त | ७ |
| **(५)** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ जना भन्दा बढी | १० |
| (ख) | ३ जना वा सो भन्दा कम | ५ |
| **(६)** | **अनुदानको अवस्था** | **१५** |

| | | |
|---|---|---|
| (क) | बिगतका पाँच आ.व. मा कुनैपनि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेतापनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेस गरेको | ५ |
| **(७)** | **व्यावसायिक अवधारणा** (नवीनतम सोच, दिगोपना, बजार योजना कारोबार तथा नर्सरी व्यवस्थापन अभिलेख, लाभ लागत लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १५ अङ्कसम्म प्रदान गर्न सक्ने) | **१५** |
| | **जम्मा** | **१००** |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजपत्रहरुको अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

(ख) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि।

(ग) जग्गा करारमा लिई कार्यक्रम सञ्चालन गर्दा स्थायी संरचना निर्माण गर्नुपर्ने भएमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम गरिएको जग्गा करार सम्झौताको प्रतिलिपि।

(२) प्रस्तावको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

५. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

६. **प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

७. **खारेजी र बचाउः** (१) फलफूल, तरकारी तथा नगदेबाली विरुवा नर्सरी/श्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
### (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
### <u>फलफूल तथा नगदेबाली बिरुवा नर्सरी/स्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रमको प्रस्तावको ढाँचा</u>

**(क) आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**(ख) सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | बेर्ना उत्पादन गरिएको बाली | जात | बिजु/कलमी | उत्पादित बिरुवा संख्या | कार्यक्रम पश्चात उत्पादन हुने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ग) कुल अनुमानित बेर्ना उत्पादनः**

**(घ) कुल रोजगारी सिर्जनाः**

**(ङ) पूर्वाधार सम्बन्धी विवरण**

- निर्माण स्थलसम्म पुग्ने सडक अवस्थाः कच्ची सडक/पक्की सडक/कच्ची र पक्की दुबै
- कच्ची सडकको लम्बाई...... किमी
- सिँचाइको स्रोतः खानेपानी/सिँचाइ कुलो/खोला/सिँचाइ टंकी/पोखरी
- सिँचाइको स्रोतदेखि संरचना निर्माण स्थलसम्मको दुरी........... किमी

**(च) हाल रहेका नर्सरी संरचना**

- संख्याः ............. क्षेत्रफलः ...................
- कित्ता नम्बरः .......... जग्गाधनीः ..................

(छ) नर्सरी निर्माण सम्बन्धी विवरण

- समुन्द्र सतहदेखिको उचाइ.......... मिटर मोहडा.......................
- सूर्यको प्रकाश पर्ने अवधि........... घण्टा/दिन

**(ज) निर्माण गर्न चाहेको नर्सरी संरचना सम्बन्धी विवरण**

| क्र.स. | संरचनाको विवरण | संरचना संख्या | क्षेत्रफल (वर्ग मिटर) | उद्धेश्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**(झ) आवेदकको अनुभव सम्बन्धी विवरण**

- नर्सरी व्यवस्थापन सम्बन्धी तालिम लिएको/नलिएको
- नर्सरी व्यवसाय सञ्चालन सम्बनधी अनुभव........... वर्ष

(ञ) अनुदान सम्बन्धी विवरण

| क्र.सं. | आ.व. | अनुदानको श्रोत | अनुदानबाट सञ्चालित क्रियाकलाप | अनुदान रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ट) सञ्चालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(ठ) माग गरेको जम्मा अनुदान रकमः

**(ड) अन्य व्यावसायिक योजनाः**

- नवीनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)